नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
# उद्योग विभाग
त्रिपुरेश्वर, काठमाडौं
नेपाल ।

## शुभकामना

यस वर्ष "औद्योगिक लगानी र पूर्वाधारः समृद्धिको बलियो आधार" भन्ने नाराका साथ आठौं उद्योग दिवस मनाउदै छौं। आठौं उद्योग दिवसको अवसरमा सम्पूर्ण उद्योगी, व्यवसायी, लगानीकर्ता एवं उद्योग क्षेत्रसंग आवद्ध सवै महानुभावहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

वर्तमान संविधानले परिकल्पना गरेको दिगो शान्ति, विकास, समृद्धि र सुशासनको मार्गचित्रलाई सही रुपमा व्यवहारमा उतार्न मुलुकको औद्योगिक विकास विना सम्भव छैन । नयाँ उद्योगको स्थापना र विस्तार, स्वदेशी उद्यमको संरक्षण, सम्वर्द्धन र विकास, स्वदेशी तथा विदेशी लगानीको विस्तार र उद्योगमैत्री वातावरणको सिर्जनाले मात्र परम्परागत कृषि प्रणालीलाई उद्यमशीलतातर्फ रुपान्तरण गरी दिगो र आत्मनिर्भर अर्थतन्त्रको विकास गर्न सकिन्छ। यी पक्षलाई मनन गरी उद्योग विभागले उद्योग प्रशासन एवं व्यवस्थापनमा सहजता ल्याउन नीतिगत, कानूनी, संस्थागत, प्रक्रियागत र प्रविधिगत जस्ता पक्षहरुको सुधारलाई निरन्तरता दिएको छ।

उद्योग प्रशासनका कार्य अनलाइन प्रणालीमार्फत गर्नुका साथै सेवा प्रवाहमा सहजीकरण एवं सरलीकरण गरिएको छ। यस विभाग मार्फत हुने कामकारवाहीलाई स्वचालित विद्युतीय प्रणालीमा परिणत गर्ने कार्य अगाडी बढिरहेकोले यसवाट विभागले प्रदान गर्ने कार्यमा सरलीकृत हुनुको साथै औद्योगिक सुशासन कायम गर्ने र सेवा प्रवाहमा सहजता आउने अपेक्षा लिएको छु।

अन्त्यमा, सरकारी, निजी र सहकारी क्षेत्रवाट औद्योगिक क्षेत्रको विकास र विस्तारमा हालसम्म प्राप्त सहयोगको उच्च प्रशंसा गर्दछु साथै आगामी दिनमा उद्योग क्षेत्रको समग्र विकासको लागि हातेमालो गरेर अघि वढ्न अनुरोध गर्दै पुनः सवैमा आठौं उद्योग दिवसको हार्दिक शुभकामना व्यक्त गर्दछु ।

मिति : २०७९/०८/०९

रामचन्द्र तिवारी
निर्देशक